प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
कार्यक्षेत्र : संखुवासभा, भोजपुर
फोन नं. : ०२९-५६०१५९
email : vhlssankhuwasvha@gmail.com

# प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।०९।२१

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभाको चालु आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय् बमोजिमका कार्यक्रमहरू कार्यान्वयनका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभा र सम्पर्क केन्द्र भोजपुर अन्तर्गतका लागि **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६** ले तोके बमोजिमको शर्तहरू पालन गर्ने गरी साझेदारी गर्न इच्छुक आवेदकहरूबाट यो सूचना प्रकाशित भएका मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्तहुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । थप जानकारीका लागि यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभाको फोन नं.०२९५६०१५९ वा अधिकृत छैठौ फुरलाक्पा शेर्पाको मोवाईल नं. ९८४२२१२५२० र सम्पर्क केन्द्र भोजपुरको फोन नं.०२९४२०१२९ वा अधिकृत छैठौं सुन्दरलाल यादवको मोवाईल न. ९८४२०६९५०४ मा सम्पर्क राख्नुहुन साथै प्रदेश सरकार भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको वेवसाईड **www.molmac.p1.gov.np** बाट **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६** डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ ।

निश्च :

१. उल्लेखित कार्यकमहरूको प्रस्ताव सम्बन्धित विज्ञ केन्द्र संखुवासभा र सम्पर्क केन्द्र भोजपुरमा पेश गर्नु पर्नेछ ।

२. सम्बन्धित केन्द्रमा माग बमोजिमको प्रस्ताव पेशहुन नआएमा बढी प्रस्ताव पर्ने केन्द्रका प्रस्तावलाई समेत मूल्यांकनमा समावेश गरिने छ ।

| सि. नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | | विज्ञ केन्द्रबाट अधिकतम साझेदार ७५% अनुदान रकम रू. | कार्यक्रम सञ्चालनका शर्तहरू | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरू |
|---|---|---|---|---|---|---|---|
| | | | संखुवासभा | भोजपुर | | | |
| १ | मिल्क एनालाईजर मेसिन खरिदमा ७५% अनुदान सहयोग | संख्या | १ | १ | प्रति मेशीन रू.१ लाख ५० हजार | १. दैनिक ५०० लीटर दुध संकलन गरेको हुनुपर्ने, २. दुध चिस्यान गर्ने व्यवस्था हुनुपर्ने | दुध उत्पादक सहकारी संस्था/ व्यवसायिक सघ/सस्था/कम्पनी/ फर्म/उद्यमी |
| २ | मासु पसल सुधार | संख्या | २ | २ | प्रति पसल रू २ लाख ५० हजार | दैनिक २० के.जी. मासु जन्य पदार्थ बिक्री वितरण गरेको हुनुपर्दछ । | स्थानीय निकायका मासु व्यवसायी संघ/समिति/कृषक समूह/नीजि उद्यमीहरू |
| ३ | डेरि पसल निर्माण/सुधार | संख्या | २ | २ | प्रति पसल रू २ लाख ५० हजार | दैनिक १०० लीटर दुध वा सो बराबरको दुग्धजन्य पदार्थ बिक्री वितरण गर्ने गरेको । | दुध उत्पादक सहकारी संस्था/ डेरी उद्योग/ व्यवसायिक फर्म/कम्पनी/कृषक समुह/समिति/नीजि उद्यमी |
| ४ | च्यापकटर वितरण मोटर सहित | संख्या | ५ | ५ | प्रति गोटा रू ५० हजार | १. दुध उत्पादनको हकमा कम्तिमा ५ माउ वयस्क गाई/भैंसी । २. बाखा २० माउ पालन गरेको, ३. मासुको लागि १० वटा पाडा पालन गरेको । | पशुपालक कृषक/ फार्म/व्यवसायी |

क्रमश :

| सि. नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | | विज्ञ केन्द्रबाट अधिकतम साझेदार ७५% अनुदान रकम रू. | कार्यक्रम सञ्चालनका शर्तहरू | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरू |
|---|---|---|---|---|---|---|---|
| | | | संखुवासभा | भोजपुर | | | |
| ५ | गोठ तथा खोर निर्माण सुधारमा अनुदान (गाई भैंसी) | संख्या | २ | ३ | प्रति गोठ तथा खोर रू १ देखि २ लाखसम्म | ५ देखि माथी उन्नत दुधालु गाई,भैसीपालन गरी दुध उत्पादन तथा बिक्री वितरण गरेको । | गाई भैंसीपालन कृषक/फार्म/व्यवसायी |
| ६ | गोठ तथा खोर निर्माण सुधारमा अनुदान (बाख्रा) | संख्या | ४ | ४ | प्रति गोठ तथा खोर रू १ देखि २ लाखसम्म | १.नीजि फर्ममा कम्तिमा २० माउ बाख्रा हुनुपर्ने । २.समुह/समितिमा १० जना सदस्य भै कम्तिमा १०० बाख्रा पालेको । ३. सहकारीमा २५ जना सदस्य भै कम्तिमा २५० बाख्रा | बाख्रापालक कृषक/व्यवसायिक बाख्रापालन फार्म/समूह/समिति/सहकारी |
| ७ | गोठ तथा खोर निर्माण सुधारमा अनुदान (वंगुर) | संख्या | ४ | ४ | प्रति गोठ तथा खोर रू १ देखि २ लाखसम्म | १. पाठापाठी उत्पादनका लागि कम्तिमा ५ वटा भूनी माउ २.मासु उत्पादन प्रयोजनका लागि कम्तिमा १० वटा वंगुर पालेको | वंगुरपालक कृषक/फार्म/व्यवसायी |
| ८ | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम | संख्या | १ | १ | प्रति प्याकेज रू. ३० लाखसम्म | १. प्रचलित कानून बमोजिम दर्ता भएका समूह/समिति, संघ/संस्था २.बाख्रापालनसंग सम्बन्धि संघ संस्थाहरू । पकेटमा कम्तिमा ५० जना बाख्रा पालन गर्ने कृषक आबद्ध हुनुपर्ने । | कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था/बाख्रापालन व्यवसायी संस्था/कृषक समूह/समिति |

**प्रस्तावकासाथ संलग्न हुनुपर्ने कागजातहरू :**

१) निवेदनको साथमा रु. १०।- हुलाक टिकट टाँस भएको हुनुपर्ने ।
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३) सन्चालित कार्यक्रमको लागि तोकिएको ढाँचा बमोजिमको संक्षिप्त कार्ययोजना ।
४) जग्गा धनीपूर्जाको प्रतिलिपी र हालसालै तिरेको मालापोत रसीद ।
५) जग्गा लिजमा लिएको भए १० वर्षको करारनामा तथा एकाघरको परिवारको नामको जग्गा भए मन्जुरीनामा सहित मालपोत तिरेको रसीद ।
६) प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता, नविकरण, पान/भ्याट नम्बर उल्लेख भएको पत्रको प्रतिलिपी ।
७) विगत ३ वर्षभित्र प्रस्तावित कार्यक्रम सम्बन्धि अनुदान नलिएको स्वघोषणा-पत्र ।
८) समूह/समिति/सहकारी संस्थाको हकमा कार्य समितिको निर्णय प्रतिलिपी एवं सञ्चालक समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपी अनिवार्य ।
९) सम्बन्धित पालिकाको पशु सेवा शाखाको शिफारिस पत्र ।
१०) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी ।
११) अन्य कागजातहरु (तालिम, शैक्षिक योग्यता आदिका प्रमाण पत्रका प्रतिलिपीहरु ।

नोट :- संक्षिप्त व्यवसायिक कार्ययोजनाको नमूना सम्बन्धित विज्ञ केन्द्र वा सम्पर्क केन्द्रबाट उपलब्ध हुनेछ ।